(अभिभावकहरू समक्ष)

**अनुमोदनको आधारभूत मापदण्ड रकम नाघेको तर कुनै कारणवश सहायता लिनु परेमा, उक्त कारण एवम् आवश्यक कागजातहरू बारेमा**

निम्न कारणमा पर्ने व्यक्तिहरूको सन्दर्भमा, आधारभूत मापदण्ड रकम नाघेपनि अनुमोदन प्राप्त गरिने हुन सक्छ।
(आवश्यक कागजात पेस गरेपनि समीक्षा गर्दाको नतिजा अनुसार अनुमोदन नहुन सक्ने बेहोरा अग्रिम रूपमा बुझि दिनुहोला।

| | कारण | आवश्यक कागजात (फोटोकपीले चल्ने) |
|---|---|---|
| (क) | **म बेरोजगार भएकोले, रेइवा संवत् 7 (सन् 2025) सालको आय उपयोगी हुँदैन।**<br>**(दायरामा पर्ने बेरोजगारी अवधि: रेइवा संवत् 8 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिख (सन् 2026) अवधिबीचको 12 महिना अवधि)**<br>***उमेर पुगेर पाएको अवकाश बेरोजगारीमा पर्ने छैन।**<br>*कारण उत्पन्न भएको परिस्थिति अनुसार अनुमोदन मिति फरक पर्न सक्छ। | **रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड, वृद्ध रोजगार बिमा प्राप्तिको योग्यता प्रमाणपत्र आदि**<br>(प्राप्ति अवधि रेइवा संवत् 8 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिख (सन् 2026)) अथवा उक्त अवधि भित्र खप्टिएर आउने अवधि)<br><br>***रोजगार बिमाको लाभ प्राप्त नगरेको खण्डमा**<br>एकलौटी उद्यमको सुरुवात वा विघटनहरूको दर्ता पत्र (दर्ताको वर्गीकरण विघटन, विघटनको मिति उल्लिखित पत्र) |
| (ख) | **रोगव्याधिको कारणले बिदा बसिरहेकोले, रेइवा संवत् 7 (सन् 2025) सालभरिको आय स्वरूप उपयोगी हुँदैन।**<br>**(दायरामा पर्ने बेरोजगारी अवधि: रेइवा संवत् 8 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिख (सन् 2026) अवधिबीचको 12 महिना अवधि)**<br>*कारण उत्पन्न भएको परिस्थिति अनुसार अनुमोदन मिति फरक पर्न सक्छ। | **निम्न 2 वटा कागजातहरू**<br>(बिदा बसेको अवधि रेइवा संवत् 8 जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिख (सन् 2026)), अथवा उक्त अवधि भित्र खप्टिएर आउने अवधि)<br>**(1) डिउटि स्थलले जारी गरेको "बिदा बसेको प्रमाणपत्र" आदि**<br>*बिदा बस्ने (योजित) अवधि लिखित पत्र<br>**(2) चिकित्सकको जाँच प्रमाणपत्र**<br>*लामो समय काम गर्न नसक्ने स्थिति भएको कुरा थाहा हुने कागजात |
| (ग) | **(1) रेइवा संवत् 7 (सन् 2025) सालको आयका बारेमा 'अन्तिम कर फिर्ती निवेदन' (खाकुतेइ सिन्कोकु)'को म्याद पश्चात् निवेदन दिएर, त्यसको चिकित्सा उपचार खर्चको कर-कटौती रकम, अनुमोदन गर्नको लागि चाहिने आधारको मापदण्ड नाघेको रकम सरह वा सो भन्दा बढी**<br>**(दायरामा पर्ने अवधि: रेइवा संवत् 7 साल जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिखसम्म (सन् 2025))**<br><br>**(2) रेइवा संवत् 8 साल जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिख (सन् 2026)को अवधिको चिकित्सा उपचार खर्चको योगफलबाट 1 लाख येन घटाएको रकम, रेइवा संवत् 7 (सन् 2025) सालको चिकित्सा उपचार खर्च कर-कटौती रकम भन्दा बढी भएको बखतमा, उक्त रकम अनुमोदन प्राप्त आधारभूत मापदण्ड नाघेको रकम सरह वा सो भन्दा बढी**<br>**(दायरामा पर्ने अवधि: रेइवा संवत् 8 साल जनवरी 1 तारिखदेखि डिसेम्बर 31 तारिखसम्म (सन् 2026))**<br><br>*चिकित्सा उपचार खर्च कर-कटौतीको दायरामा पर्ने चिकित्सा उपचार खर्च मात्र मनन गरिने छ।<br>*कारण उत्पन्न भएको परिस्थिति अनुसार अनुमोदन मिति फरक पर्न सक्छ।<br>*दायाँ लिखित (1) र (2) दुवै पेस गर्न सक्नुहुन्छ, तर उच्च राशिको चिकित्सा उपचार खर्च लागेको चाहिँ लिइने छ। | **(1) भित्र परेमा**<br>**'अन्तिम कर फिर्ती निवेदन' (खाकुतेइ सिन्कोकु) को नतिजा प्रतिबिम्बित भएको आयलाई प्रमाणीकरण गर्ने कागजात (कर लागेको राशि (कर नलागेको) प्रमाणपत्र आदि)**<br>*रेइवा संवत् 7 (सन् 2025) सालमा लागेको चिकित्सा उपचार खर्च सम्बन्धमा, आफैँले चिकित्सा उपचार खर्च कर-कटौतीको प्रक्रिया गरेर, चिकित्सा उपचार खर्च कर-कटौती प्रतिबिम्बित भएको आयलाई प्रमाणीकरण गर्ने कागजात (कर लागेको राशि (कर नलागेको) प्रमाणपत्र आदि) पेस गर्नुहुन अनुरोध गर्दछौँ।<br>*रेइवा संवत् 7 (सन् 2025) सालको 'अन्तिम कर फिर्ती निवेदन' (खाकुतेइ सिन्कोकु) म्याद सम्ममा चिकित्सा उपचार खर्च कर-कटौतीको प्रक्रिया गरिसकेको र, रेइवा संवत् 8 (सन् 2026) साल जनवरी 1 तारिखको समयमा कावासाकी शहरमा बसोबास दर्ता गरेका व्यक्तिको हकमा, आयलाई प्रमाणीकरण गर्ने कागजात (कर लागेको राशि (कर नलागेको) प्रमाणपत्र) पेस गर्नुपर्दैन।<br><br>**(2) भित्र परेमा**<br>**दायरा अवधि भित्रको चिकित्सा उपचार खर्च राशि खुल्ने कागजातको प्रतिलिपि (स्वास्थ्य बिमा सङ्घ आदिबाट प्रेषण गरिने चिकित्सा उपचार खर्च आदिको सूचना वा चिकित्सा उपचार खर्चको रसिद आदि)**<br>*अस्पताल भर्ना लाभ रकम या प्रसूति एकमुस्ट भत्ता रकम जस्ता कुनै परिपूर्ति रकम पाउनु भएको छ भने, उक्त कागजात पेस गर्नुहोस्।<br>*समीक्षा गर्न प्रयोग गरिएको आवश्यक कागजात फिर्ता गर्न नसकिने भएकोले, आउँदा दिनमा चिकित्सा उपचार खर्च कर-कटौतीको 'अन्तिम कर फिर्ती निवेदन' (खाकुतेइ सिन्कोकु) आदि गर्ने योजना भएका व्यक्तिले अनिवार्य रूपमा फोटोकपी पेस गर्नुहुन अनुरोध गर्दछौँ। |
| (घ) | **स्थानीय कर नलागेको अथवा आंशिक वा पूर्ण छुट पाएको।**<br>*जग्गा, भवन या सेयर जस्ता सम्पत्ति बिक्री या हस्तान्तरण गर्दा भएको घाटा हिसाब गर्दा या आवास खरिद या प्राप्ति गर्दाको कर-कटौती भने बाहिर पर्छ।<br>*हेइसेइ संवत् 16 (2004) साल अप्रिल 1 तारिख भन्दा पहिले जन्मेको घरपरिवारको सबैजना यस भित्र परेमा दायरा परिन्छ। | **निम्न कागजातहरू मध्ये कुनै एक**<br>* (घ) देखि (छ) का सन्दर्भमा, नयाँ आर्थिक वर्ष (रेइवा संवत् 8 (सन् 2026)को)<br>**·कर नलागेको प्रमाणपत्र**<br>**·मिनाहा प्रमाणपत्र**<br>**·कर लागु रकमको प्रमाणपत्र**(आंशिक वा पूर्ण छुट भएको बेहोरा उल्लिखित वस्तु) |
| (ङ) | **एकलौटी उद्यम करको आंशिक वा पूर्ण छुट पाएको।**<br>*छुट पाउनको कारण विपद् प्रभावित भएको खण्डमा मात्र लागु हुने। | **एकलौटी उद्यम करको आंशिक वा पूर्ण छुट पाएको बेहोरा सूचित पत्र**(छुट पाएको कारण लेखिएको कागजात) |
| च) | **मैले अचल सम्पति करको आंशिक वा पूर्ण छुट पाएको।**<br>*छुट पाउनुको कारण प्राकृतिक विपद् (भूकम्पीय प्रकोप, हुरी तथा वर्षाजन्य क्षति इत्यादि) एवम् मानव सिर्जित विपद् (आगलागीहरू) भएको खण्डमा मात्र | **अचल सम्पतिको कर पुस्तिकामा लेखिएको विवरणको प्रमाणपत्र** (आंशिक वा पूर्ण छुट पाएको कारण लेखिएको कागजात) |
| (छ) | **(1) राष्ट्रिय पेन्सन योगदान शुल्कमा छुट प्राप्त गरेको।**<br>**(2) नागरिक स्वास्थ्य बीमा शुल्कमा आंशिक वा पूर्ण छुट पाएको अथवा केही समयको लागि असुलउपर मुलतबी भएको।**<br>*हेइसेइ संवत् 16 (2004) साल अप्रिल 1 तारिख भन्दा पहिले जन्मिएका घरपरिवारका सबैजना (सँगै बसिरहेका व्यक्ति (बसोबासी दर्तापत्रमा भिन्दै घरपरिवार हुँदापनि लागु हुने) या जागिरको कारणले एकल टाढा बस्ने जस्तो सँगै बसोबास नगर्ने तर, एउटै स्रोतबाट जीविकोपार्जन गर्ने व्यक्ति)को हकमा त्यस अन्तर्गत परेमा दायरा परिने हुन्छ।<br>*यसमा नागरिक स्वास्थ्य बिमाको योगदान शुल्कको न्यूनीकरण भने दायरा भन्दा बाहिर पर्नेछ। | **(1) भएमा**<br>**(निम्न कागजातहरू मध्ये कुनै एक)**<br>*दायरामा पर्ने छुट अवधि: रेइवा संवत् 8 (सन् 2026) साल जुलाई~रेइवा संवत् 9 (सन् 2027) साल जुन<br>**·नागरिक पेन्सन योगदान शुल्क मिनाहा वा भुक्तानी मुलतबी आवेदन अनुमोदन सूचनापत्र**<br>**·नागरिक पेन्सन योगदान शुल्क मिनाहाको कारणमा परेको सूचनापत्र**<br><br>**(2) भएमा**<br>**(निम्न कागजातहरू मध्ये कुनै एक)**<br>**·नागरिक स्वास्थ्य बिमा शुल्कमा आंशिक वा पूर्ण छुट अनुमोदित निर्णयको सूचनापत्र**<br>**·नागरिक स्वास्थ्य बिमा शुल्क असुलउपर मुलतबी अनुमोदित निर्णयको सूचनापत्र** |
| (ज) | **·जीवनयापन कल्याण कोषबाट ऋण लिएको।**<br>**(ऋण प्राप्ति अवधि अथवा निर्णय मिति: रेइवा संवत् 8 (सन् 2026) साल जनवरी 1 तारिखदेखि रेइवा संवत् 9 (सन् 2027) साल मार्च 31 तारिख)** | **जीवनयापन कल्याण कोषको ऋण निर्णय सूचनापत्र (यसमा आपत्कालीन सानो रकम कोष पनि पर्छ।)** |
| (झ) | **रोजगार सुरक्षा कार्यालय (हेलोवर्क)मा दर्ता भएको दैनिक ज्यालादारी कामदार रहेको।**<br>*घरपरिवारमा बहुसंख्यक सदस्यको आम्दानी भएमा, आम्दानी भएका सबैको प्रमाणपत्र आवश्यक पर्नेछ। | **दैनिक ज्यालादारी कामदार बिमित हाते पुस्तिका** |
| (ञ) | **निर्धारित समय प्रणालीका उच्च मा.वि.का चौँथो वर्षे विद्यार्थीहरू, हेइसेइ संवत् 20 (सन् 2008) सालको अप्रिल 1 तारिख वा सो भन्दा पहिला जन्मेका उच्च माध्यमिक तहका विद्यार्थी भएका घरपरिवारका सदस्य भएको।**<br>*उच्च मा.वि.हरूको विद्यालय अध्ययन खर्चलाई आधारभूत मापदण्ड रकममा राखेर अनुमोदन गरिने हुनसक्छ। | **अध्ययनरत प्रमाणपत्र** (दायरामा पर्ने उच्च माध्यमिक तहका विद्यार्थी अध्ययनरत उच्च मा.वि.को प्रधानाध्यापकको तोक छाप लगाएको कागज)<br>**अथवा विद्यार्थी कार्डहरू** |

आवश्यक कागजात राम्ररी बुझ्नु भएन भने गाकुजि-खा (अध्ययन मामिला शाखा 044-200-3736)मा सोधपुछ गर्नुहोस्।